# ६ सृष्टि र पतन

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति ३:१-१५, मत्ती ४:३-१०, कलस्सी २:२०-२३, यूहन्ना ३:१७, प्रकाश १४:६,७।

*कण्ठ गर्नुपर्ने पद:* " 'तिम्रो र स्त्रीको बीचमा शत्रुता हालिदिनेछु। तिम्रा र स्त्रीका सन्तानहरू शत्रु हुनेछन्। स्त्रीको पुत्रले तिम्रो शिरलाई कुल्चेर धुजा धुजा पार्नेछन्। तिमीले उसको कुर्कुच्चालाई कच्याककुचुक पार्नेछौ।'" (उत्पत्ति ३:१५ रूपान्तरित)।

एक जना हास्य कलाकार थिए। उसले महिलाको भूमिका खेल्न पन पराउँथे। एक दिन उसले जेराल्डिन नाम गरेकी महिलाको भाग खेलेको थियो। त्यो महिला पादरीको श्रीमती थिइ। उसले खेलेको नाटकमा जेराल्डिन अति महँगो पोसाक लगाएर आएकी थिइ। उनको श्रीमान (जो त्यहि पात्रले खेलेको थियो) महँगो लुगा किनेर लगाएकोमा असाध्य रिसाए। तर जेराल्डिनले चिच्च्याएर भनिन्: "शैतानले मलाई यो लुगा किन्न लगायो ! मैले किन्न चाहेको थिएन। तर शैतानले मलाई कचकच गरिनै रह्यो।"

हुन त उनको त्यस जवाफ हास्यजनक हुनुपर्थ्यो। तर त्यस नाटकमा यो देखाइरहेको थियो कि यस संसार र शैतान मनगढन्ते वा हास्यास्पद छैन।

कतिपय मानिसहरूको निम्ति शैतान वा मानिसलाई वहकाउने दुष्ट आवाज केवल पौराणिक वा मिथ अर्थात् मिथ्याको कुरो हो। वर्तमान वैज्ञानिक युगमा त्यसलाई गम्भिर रूपमा लिनुहुन्न। तर त्यस विषयमा बाइबल स्पष्ट छ। शैतान पराजित भएको शत्रु हो (प्रकाश १२:१२, १ यूहन्ना ३:८)। यद्यपि तिनी यसै संसारमा छ। र परमेश्वरको सृष्टिलाई सकेसम्म तहसनहस पार्न उसले प्रयास गर्न खोज्नेछ।

शैतान सबभन्दा पहिलो प्रहार के गरेको थियो भनेर यस अध्यायमा हेर्नेछौं। त्यस प्रहारबाट हामी के सिक्नेछौं सो पनि हेर्नेछौं। उसको प्रहारबाट हामी पन्छिएका त छैनौं, तैपनि ख्रीष्टमा उसँग भएको विजयलाई हामी पनि दाबी गर्न सक्छौं।

## १. "अरू जन्तु जनावरभन्दा सर्प अत्यन्त धूर्त थियो" (उत्पत्ति ३:१ रूपान्तरित)

**सर्पको प्रतिक भएर देखाइएको शैतान कस्को खालको थियो भनेर उत्पत्ति ३:१मा यसरी बताउँदछः " परमप्रभु परमेश्वरले सृष्टि गर्नु भएको सबै जन्तुहरु मध्ये सर्प अत्यन्त धूर्त थियो। सर्पले उसलाई सोध्यो, "ए नारी! के परमेश्वरले बगैंचामा कुनै पनि रुखबाट फल खानु हुँदैन भनी मनाही गर्नु भएको छ?" (रूपान्तरित)। त्यस एउटै पदमा शैतानको यथार्थतालाई कसरी नङ्ग्याइएको छ?**

सर्पले जुन् चलाकी अपनायो त्यसले हब्बालाई फसाउन सफल भएको थियो। सर्पले सिधै आक्रमण गर्दैन। तर हब्बाले नै उसलाई बोलोस् भनेर मिठो बोली अपनाएर सर्प वा शैतानले उनलाई आफूतिर आकर्षित गरेको थियो। सर्पको बोलीमा दुई भागहरू थिए, सो ख्याल गर्नुहोस्। प्रथमतः परमेश्वरप्रति शङ्का उब्जाउन उसले हब्बालाई सोध्छ, के परमेश्वरले उनलाई जे निर्देशन दिनुभयो त्यो साँच्चिकै थियो त? त्यो प्रश्न आफै पनि परमेश्वरको बारेमा हब्बाको मनमा प्रश्नचिन्ह खडा गर्ने नियतको थियो। वाख्या गरेर भन्नुपर्दा शैतानले यो भनिरहेको थियो, "परमेश्वरले तिमीबाट केहि कुरा लुकाइरहनुभएको छ की? बँगैचामा भएका सबै रूखका फलफूलहरू खानु भन्नु भएको होइन र?" परमेश्वरले दिनुभएको निर्देशनलाई बँग्याएर आफूले के भन्न चाहेको सो हब्बाको मनमा गाभिएर उनी फसुन् भन्ने शैतानको नियत थियो। त्यसले गर्दा हब्बाले त्यस शैतानसँग कुराकानी गर्न सफल बनाए। शैतानको योजना वा नियत के थियो, त्यो स्पष्ट नै थियो।

शैतानको त्यस चर्तिकलादेखि हामी अचम्म मान्नु पर्दैन। "शैतान फटाहा र झुठ्ठा बोल्नेहरूका पिता हो" भनेर येशूले नै सम्बोधन गर्नुभएको थियो (यूहन्ना ८:४४ रूपान्तरित)। शैतानको माया जालमा सबैलाई पारेको छ भनेर प्रकाश १२:९मा उल्लेख गरिएको छ। शैतानले सारा संसारलाई छकाइरहेको छ। त्यसको अर्थ हामी कोहि पनि चाहे सेभेन्थ-डे एडभेन्टिस्ट नै भनेर गौरव किन नगरौं, शैतानको छलकपटबाट हामी सुरक्षित छैनौं। हो, येशूको पुनरुत्थानले शैतान पछ्यारिएको थियो, तैपनि उसमा भएको चलाकीपना उसले गुमाएको छैन। हब्बालाई सफलतापूर्वग प्रयोग गरेको छलको अस्त्र अहिले पनि मानिस जातिलाई उसले प्रयोग नै गरिरहेको छ। परमेश्वरको वचन र

उहाँको योजनाको खिलाफमा शैतानले विभिन्न शङ्काका प्रश्नहरू उब्जाउन खोज्दछन्। विभिन्न वादविवादमा फसाएर परमेश्वरप्रति विभिन्न द्विविधा वा आशङ्काहरू हामी फसोस् भन्ने शैतानको चाहना छ। त्यसकारण शैतानको विभिन्न चर्तिकलामा हामी नफस्न हरदम चनाखो (१ पत्रुस ५:८) भएर बस्नुपर्दछ।

**येशूले शैतानसँग सामना गर्नुभएको प्रलोभन (मत्ती ४:३-१०) र हव्वाले सामना गरेकी प्रलोभन (उत्पत्ति ३:१) दाँज्नुहोस्। हव्वालाई प्रयोग गरेको छलको अस्त्र येशूलाई पनि शैतानले कसरी प्रयोग गरेको थियो? मरूभुमी वा अनकङ्तार स्थानमा शैतानसँग सामना गर्नुहुन्दा जुन् अस्त्र येशूले प्रयोग गर्नुभयो, के त्यो अस्त्र हामीलाई पनि उपलव्ध छ त? उहाँले चाल्नुभएको कदमबाट हामी के सिक्नसक्छौं? कुन कुन उपायहरूद्वारा अहिले पनि शैतानले हामीलाई परमेश्वरबाट भड्काउन प्रयास गरिरहेको हामी पाउँछौं?**

## २. स्त्री र सर्परूपी शैतान (उत्पत्ति ३:२,३)

**सर्पको कुनियत प्रश्नलाई हव्वालाई कसरी जवाफ दिइन् भनेर उत्पत्ति ३:२,३मा यसरी उल्लेख गररेको छः " त्यस स्त्रीले सर्पलाई उत्तर दिईन्, "होइन! परमेश्वरले त्यसो भन्नु भएन। हामीले बगैंचामा भएका सबै रुखहरूका फल खान सक्छौं। तर एउटा रूखको बारेमा परमेश्वरले भन्नुभयो, 'तिमीहरुले बगैंचाको बीचमा भएको रुखको फल खानु हुँदैन, तिमीहरुले छुनु पनि हुँदैन, नत्र तिमीहरु मर्नेछौ।" हव्वाको जवाफ कस्तो त्रुतीपूर्ण थियो?**

हव्वालाई परमेश्वरको निर्देशन स्पष्टरूपमा थाहा थियो। तैपनि परमेश्वरले नभन्नुभएको कुरालाई बढाएर उनले जवाफ दिइन्। त्यस रूखको फल नखानु भनेर परमेश्वरले स्पष्टैरूपमा निर्देशन दिनुभएको थियो। तर त्यस रूखलाई नछुनु त भन्नु भएको थिएन। त्यो कुरा थप्न हव्बा किन अग्रसर भइन् सो हामीलाई थाहा छैन। तर त्यस रूखको बारेमा सोच्दा सोच्दै पनि त्यसलाई छुनुहुन्न भन्ने निष्कर्षमा तिनी पुगेको हुनुपर्दछ। त्यसको बारेमा नसोचेको भए त्यस रूखको फल खाने अवस्थामा नपुग्न सक्थी। "मैले छुन नसकेको फल खानुपनि हुन्न" भन्ने थप सोचमा उनी आफै पर्न गएकी थिइ।

त्यो समस्या हब्बामामात्र नभएर कतिपटक हामीमा पनि परिरहेको हामी अनुभव गर्दछौं? मानौं कसैले हामीकहाँ आएर बाइबलनै तेर्स्याएर सत्य कुरा गरेको जस्तो देखाउँछ तर त्यसमा थोरबहुत असत्यता लुकिरहेको हामी देख्छौं रे ! तर ती केहि गलत धारणाले हामीलाई नाश पनि पार्न सक्छ। गलत धारणा सत्यसँग मिसिएपनि त्यो धारणा गलत नै हुनसक्छ।

प्रभु येशूले तत्कालिन धर्मगुरू फरिसीहरू र धर्मशास्त्रका वाख्याकारहरूलाई परमेश्वरको वचनसँग मानिसको विचार वा दर्शन नमिसाउन कडा चेतावनी दिनुभएको थियो (हेर्नुहोस् मत्ती १५:७-८)। उहाँको त्यस चेतावनीलाई प्रकाश २२:१८ र कलस्सी २:२२-२३सँग तुलना गर्नुहोस्। कलस्सी २:२२-२३मा पावलले हामीलाई यसरी सतर्क गराउँछन्: यी जम्मै संसारिक नियमहरू यस्ता चीजहरूसँग सम्बन्धित छन् जो एक पल्ट व्यवहार गर्दा अन्त्य हुन्छ। यी त मानिसहरूका निर्देशन र आज्ञाहरू हुन्, परमेश्वरका होइनन्। यस्ता नियमहरू सुन्दर र बुद्धिमानी देखिन्छन्, तापनि यी मानिसले बनाएको धर्मका अंगहरू हुन्। यसले मानिसहरूलाई विनम्र बनाउने बहना गर्छ, अनि शरीरलाई दुःख दिदंछ। तर तिनीहरूले उब्जाएका धर्मले मानिसलाई तिनीहरूको पापी स्वभाव वा नियतले चाहेको दुष्ट कुराहरू गर्नेदेखि रोक्दैन।" (रूपान्तरित)। परमेश्वरलाई ओझेलोमा पारेर धर्मको नाउँमा आफ्नै नितिनियम वा परिवर्तनशील संसारमा असान्दर्भिक संस्कारहरूलाई स्थापना गरेर तिनीहरूले हामीलाई पापबाट सुरक्षा दिन्छन् भन्ने सोच पावलको माथिको भनाइ अनुसार किन खतरापूर्ण हुनसक्छ? यसै सन्दर्भमा प्रकाश २२:१८ पनि यहिँ उदृध गर्न यसरी मनासिव देखिएको छः म हरेक मानिसलाई चेतावती दिन्छु जसले यो पुस्तकमा (बाइबलको अन्तिम पुस्तक प्रकाश) भएका अगमवाणीका वचनहरू सुन्छ तर कसैले यी वचनहरूमा कुनै पनि कुरा थप्छ, तब परमेश्वरले त्यस मानिसलाई यस पुस्तकमा लेखिएको विपदहरू पठाउनु हुनेछ।" (रूपान्तरित)।

पापको समस्या भनेको अनेकन् नितिनियमहरूको कमीले होइन, तर मानिसको हृदय स्वभावले नै पापी, दुष्ट र छली छन्। (जतिसुकै नितिनियम वा विधिहरू रचेतापनि यदि आत्मपरिवर्तन नगरी केवल चोला अर्थात् बाहिरी लुगा वा आचरण फेर्दैमा त्यो मानिस धर्मी हुन्छ भन्ने

छैन)। हामीसँग भएको प्रसस्तमात्रामा नियमकानुन वा विधि भएतापनि अपराध नियन्त्रण गर्न त्यो पुगेन भनेर संसारका समाज वा शासकहरू आह्वान गरिनै रहेको पाइन्छ। यथार्थमा हामीलाई धेरै नयाँ नियम वा कानून वा विधिहरूको आवश्यकता छैन केवल नयाँ हृदय-आत्मपरिवर्तन भएको हृदयको आवश्यकता छ।

बाइबलले सतर्क गराएको कुराहरूलाई पन्छाएर चल्नु हाम्रै हितको निम्ति किन असल छैन? बाइबलमा स्थापना गरिएका विभिन्न नितिनियम तथा अर्तिहरू अत्यन्त महत्त्वपूर्ण त छ नै। तर ती नितिनियमहरू पछ्याउँदैमा हामी बिचलित हुँदैनौं भन्ने के ग्यारेन्टी छ त? (आत्मआलोचना गरेर हेरौं, कुन् नियतले ती निति वा विधिहरू हामीले पालन गरिरहेकाछौं)।

## ३. प्रमाणै देखाएर पनि छल गर्नु (उत्पत्ति ३:४-६)

उत्पत्ति ३:४-६मा लेखिएको यो पढ्नुहोस्, " तर सर्पले (सर्पको भेषमा आएको शैतान) स्त्रीलाई भने, "तिमीहरु निश्चय मर्ने छैनौ। परमेश्वरले पनि जान्नु हुन्छ जब तिमीहरुले यस रूखको फल खान्छौ तिमीहरूको ज्ञान खोलिन्छ अनि तिमीहरु कुन असल कुन खराब जान्ने ज्ञानी भई भगवानहरू जस्तै हुनेछौ।" तब त्यो स्त्रीले त्यस रूखको फल हेर्नमा आकर्षित र खानमा पनि असल देखिन् ठानिन् किनभने त्यस रुखको फल खायो भने ज्ञानको आँखा खोल्छ रे! अनि त्यस मनाही गरेको रूखबाट केही फलहरू टिपेर खाईन् र आफूसंग भएको मानिसलाई पनि खान दिईन् र उसले पनि खायो।(रूपान्तरित)। आदम र हब्बाले कुन् नितिलाई अङ्गाल्दा पतन हुन पुग्यो? यस संसारमा हामीले सामना गर्नुपरेका विभिन्न प्रलोभनका परिक्षाहरूबाट हामी कसरी जोगिनु पर्छ भन्ने आदम र हब्बाको अनुभवबाट कसरी सिक्ने?

चिप्लो घसेर हब्बालाई आफूतिर आकर्षित गर्दै आफूसँग कुराकानी गर्न फसाउन शैतान सफल भएको थियो। परमेश्वरको वचन वा निर्देशनप्रति शङ्का र उपशङ्काहरू उब्जाउन पनि त्यसले सफलता हासिल गरेको थियो। परमेश्वरले सत्य कुरा गर्नुभएको छैन भन्दै हब्बामा भएको उहाँप्रतिको आस्थामा शैतानले खलबली ल्याउँदछ। अनि तिनीहरूले निषेध गरिएको फल खान परमेश्वरले किन अनुमति दिनुभएन भनेर व्याख्या गर्दै आफ्नै तर्क हब्बाको सामु शैतानले व्यक्त गर्दछ। आदम र हब्बा सिद्धरूपमा नबढुन् भन्ने इच्छा गरेकै कारणले

जुन् असल छ त्यो खान परमेश्वरले मनाही गर्नुभएको हो भन्दै शैतानले हब्बाको मनलाई बहकाइदिन्छ। त्यस कुराले गर्दा परमेश्वरप्रति शैतानको आफ्नै विगतका रिस पोखेको पाइन्छ। हुनसक्छ, परमेश्वरले पनि शैतानलाई कुनै रूखको फल खान निषेध गर्दा आफू पतन हुन गएको हुनाले उहाँप्रतिको रिस हब्बाद्वारा साट्न खोजेको थियो।

अनि हब्बाले त्यस रूखको फल खाँदा फाइदा नै हुनेरहेछ भनेर तिनवटा प्रमाणहरू जुटाउँछिन्। पहिलो प्रमाण, त्यो रूखमा भएको फल खाँदा फाइदा नै देखिन्थ्यो। हुनसक्छ सर्पले पनि त्यो रूखको फल मिठोमानि खाएको उनले देखिन् होला (हुन त यो बाइबलमा लेखिएको छैन)। वा त्यो रूखको फल आफूलाई कस्तो स्वादिलो भएको भनेर शैतानले गफ लगायो होला। "हेर्दै खानमा राम्रै" देखिएतापनि त्यो रूखको फल नखानु भनेर परमेश्वरले दिनुभएको निर्देशन पनि कम चासोको विषय होइन। आफ्ना इन्द्रियहरूलाई वसमा राख्न खोज्नु र परमेश्वरको स्पष्ट आदेशको पालन गर्नुको बीचमा कस्तो घमासान आत्मयुद्ध हुनेरहेछ भन्ने हब्बाको अनुभवले बताएको पाइन्छ।

आँखाले हेर्दा आकर्षित देखिने र खाँदा स्वादिलो देख्ने अर्को प्रमाण हब्बाले आफ्नो मनमा जुटाइन्। अदनको बँगैचामा भएका सबै फलफूलहरू सुन्दर र असलै थिए भन्नेमा कसैको शङ्का छैन। तर शैतानले नै दिन खोजेको फल खान हब्बाले किन उत्सुकता देखाइन् त्यो रहस्यपूर्ण नै छ।

ओहो, त्यो रूखको फल खाँदा आफ्नो आँखा खोल्छ रे, आफू पनि भगवान सरह हुन्छ रे, (याद गर्नुहोस्, शैतानले हब्बालाई, "तिमी परमेश्वर जस्तै हुन्छौं" भनेको छैन, तर "देवताहरू वा भगवान वा सिद्ध जस्तै हुन्छौ।" भनेर उनको मन जितेको थियो।-अनुवादकको प्रतिक्रिया)। त्यसै कारणले बुद्धिमान बनाउने शक्ति भएको त्यो फल खान नहिच्किने स्थितिमा आफूलाई पुऱ्याउन हब्बाले तेस्रो प्रमाण मनमा खेलाइन्। त्यो रूखको फल खान्दा आफू ईस्वर जस्तै भएर ज्ञानी हुने शैतानको कपटपूर्ण झुटो आश्वासनबाट हब्बा पन्छिन सकिन। हब्बा परमेश्वरकै स्वरूपमा सृष्टि भएको हो (उत्पत्ति १:२७) भन्ने बाइबलको वचनलाई वेवस्ता गरेर शैतानलाई विश्वास गरि उसको कुरा खान खोज्नु अत्यन्त खेदपूर्ण कुरो थियो।

आदम होइन तर हब्बा छलमा परेकी थिइ भनेर पावलले हामीलाई भन्दछन् (१ तिमोथी २:१४)। तर आदम पनि शैतानको बेवकुफमा नपरेको भए उनले त्यो फल किन खाए त? आदम पनि जानाजानी परमेश्वरको वचनलाई पालन गरेनन्। परमेश्वरलाई सट्टा उनले हब्बालाई चुने। त्यस्तो मानव चर्तिकला अहिले पनि जारी भएको हामी देखिरहेकाछौं। परमेश्वरको वचन वा बाइबल सम्मत होस् वा नहोस् अरूको बहकावमा लाग्न हामीलाई सजिलो भएको पाउँछौं। कतिपय मानिसहरूले धर्मकै नाउँमा भएपनि मिठो मिठो कुरा गरेर सापटी आश्वासन दिन्छन्, तर तिनीहरूको वचनलाई बाइबलसँग नजोखेर र तिनीहरूको आचरणलाई राम्रोसँग नहेर्दा मानिसहरू आदम र हब्बा जस्तै पासोमा परिरहेको कसलाई थाहा नहोला र? परमेश्वरको आवाजको सट्टामा शैतानको छलमा परेकी हब्बाको आह्वानलाई आदमले सुने। त्यस कुराले अहिले पनि निरन्तरता पाएकोले मानव इतिहास अहिलेसम्म त्राहीत्राहीको अवस्थामा भएको हामी पाउँछौ (रोमी ५:१२-२१ पढ्नुहोस्। (नारी जाति हब्बाले गर्दा संसारमा पाप आएको हो भन्दै नारी जातिलाई इसाई समाजले तिरस्कृत वा दोस्रो दर्जाको रूपमा हेर्ने पनि खेदपूर्ण छ, उनलाई मात्र दोष थुपार्नु नारी जातिको सरासर अन्याय गरिएको ठहर्छ, किनकी बाइबलले स्पष्ट रूपमा भन्छ “एक जना मानिसको पापले गर्दा यस संसारमा पाप आयो।" (रोमी ५:१२)। पापको जिम्मेवारी नारी हब्बालाई मात्र थुप्राएर तिनीमाथि अपमानित व्यवहार गर्न बाइबलले इजाजत दिएको छैन, किनभने दुवै स्त्री र पुरूषको मिलोमत्तोमा यस संसारमा पापलाई निम्त्याइएको हो र सबै जनाले पाप गरेका छन् (रोमी ५:१२) भन्दा पापको मामिलामा स्त्री वा पुरूष कोहि पनि अलगिएको छैन।-अनुवादकको प्रतिक्रिया)।

## ४. अदनको बगैंचामा परमेश्वरको अनुग्रह र न्यायको फैसलाः भाग १ (उत्पत्ति ३:१४,१५)

जब आदम र हब्बाले सर्परूपि शैतानको छलमा फसेर निषेधित गरिएको फल खाए, तब तिनीहरू शर्ममा परेर परमेश्वरबाट लुक्न खोजे (कोहि परमेश्वरबाट लुक्न सक्छ र?)। तिनीहरू स्वइच्छाले पतित भएपछि परमेश्वर साँझपख बगैचामा डुल्दै आउनुहुँदा आदमलाई नदेखेपछि उहाँले बोलाउनुभयो, “हे आदम तिमी कहाँ छौं?" आदमले जवाफ दिए । “तपाईं आउनुभएको स्वर सुन्ने बित्तिकै म डराएँ (हामी

भन्ने शब्द उनले प्रयोग गरेनन् किनभने परमेश्वरले विशेष गरेर उनलाई मात्र सम्बोधन गर्नुभएको थियो)। म नाङ्गै भएकोले म लुकेर बसेको छु।" अनि परमेश्वरले सोध्नुभयो, “हैन, तिमी नाङ्गिएको छौ भनेर तिमीलाई कसले भन्यो? मैले नखानु भनेर निर्देशन दिएको रूखको फल के तिमीले खायौ?" “तपाईंले नै दिनुभएको स्त्रीले मलाई त्यस निषेधित रूखको फल मलाई दिई, अनि मैले खाएँ।" आफू चोखिन हब्बालाई दोष थुपार्दै आदमले जवाफ दिन्छन्। परमेश्वर विस्मय मानेर हब्बालाई सोध्नुहुन्छ, “हैन, तिमीले यो के गऱ्यौ?" हब्बापनि आफ्नो दोष पन्छिन खोज्दै सर्पलाई औँल्याएर भन्छिन्, “सर्पले मलाई फसायो, अनि मैले खाएँ।" (उत्पत्ति ३:८-१३ रूपान्तरित)।

त्यसको प्रत्युत्तरमा परमेश्वरले सर्वप्रथम् सर्पलाई यसरी सम्बोधन गर्नुहुन्छ, “तिमी सबै घरपालुवा र अरू जन्तुहरूमध्ये सबैभन्दा ज्यादा श्रापित हुनेछौ। अबदेखि तिमी पेटबाट घस्रिएर हिंड्नेछौ (पहिला सर्पको पखेटा भएको हुनसक्छ)। जीवनभरी तिम्रो आहारा माटो नै हुनेछ। तिम्रो र स्त्रीको बीचमा, तिम्रो र स्त्रीको सन्तानको बीचमा म दुष्मनी हालिदिनेछु। त्यस सन्तानले तिम्रो शिर कुच्च्याउने छ। र तिमीले उसको कुर्कुच्चो डस्नेछौ।" उत्पत्ति ३:१४,१५ (रूपान्तरित)। सर्पलाई परमेश्वरले त्यसरी सम्बोधन गर्नुभएको अर्थ के हो?

अदनको बँगैचामा जुन घट्ना भइरहेको छ त्यसको अर्थलाई गहिरिएर सोच्नुहोस्। पतित संसारमा परमेश्वरले गर्नुभएको न्यायको फैसला पहिला त शैतानलाई गर्नुभएको थियो, मानव जातलाई होइन। अनि शैतानको विरुद्धमा परमेश्वरले सुनाउनुभएको फैसलामा मानव जगतको निम्ति उहाँले आशा र सुसमाचारको बाचा प्रदान गर्नुहुन्छ (पद १५)। परमेश्वरले शैतानमाथि मृत्युको अध्यादेश जारि गर्नुभएके बेलामा मानिसहरूलाई आशाको सन्देश सुनाउनुहुन्छ। आदम र हब्बाको पापको बावजुद पनि (पापको स्पष्ट परिभाषा परमेश्वरको निर्देशनमा नहिंड्नु भनेर आदम र हब्बाको चर्तिकलाले देखाउँदछ।) परमेश्वरले तुरन्तै तिनीहरूको पापको ज्याला तिर्न मुक्तिदाताको आगमनको प्रतिज्ञा गर्नुहुन्छ।

मुक्तिको योजनाको प्रतिज्ञा सुनाउनुभएपछि परमेश्वरले आफ्नो न्यायको फैसला आदम र हब्बालाई यसरी सुनाइ दिनुहुन्छः “परमेश्वरले हब्बालाई भन्नुहुन्छ, ‘तिमी सुत्केरी हुने बेलामा ठूलो कष्ट म बढाइ

दिनेछु। तिमीले बच्चाहरू जन्माउने बेलामा पिडा भोग्नु पर्नेछ। तिम्रो मन तिम्रो पतितर्फ हुनेछ। त्यसले तिमीलाई अधिनमा राख्नेछ।' त्यसपछि परमेश्वरले आदमतिर फर्केर भन्नुभयो, 'तिमीले तिम्रो श्रीमतीको कुरा सुनेर मैले नखानु भनेको फल खाएको हुनाले तिम्रै कारणले जमिन श्रापित भएको छ। तिमीले जीवनभरी दुःख गरेर जमिनको उब्जनी खानेछौ। त्यसले काँडा र सिउँडीहरू उमार्नेछ। तिमीले बारीको सागपात खानेछौ। तिमी माटोमा नफर्कुञ्जेल तिमीले तिम्रो पसिनाको फल खानेछौ। किनकि तिमी माटोबाट निकालिएर बनेको थियौ, तिमी माटैमा फर्किनेछौ।'" (उत्पत्ति ३ः१६-१९)।

एउटा कुरा बुझ्न तपाईँ नचुक्नुहोस्ः पहिले मुक्तिको बाचा दिएपछिमात्र न्यायको फैसला परमेश्वरले सुनाउनुभएको थियो। सुसमाचार दिएपछि मात्र न्यायको फैसला सुनाइएको थियो। यदि यसरी भएन भने न्याय केवल सजायँ मात्र हुने थियो। तर बाइबल स्पष्ट छः "'यस संसारको तत्काल न्याय गर्न परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभएन। आफ्नो पुत्रद्वारा संसारले उद्धार पाओस् भनेर परमेश्वरले उहाँलाई पठाउनुभएको थियो।'" (यूहन्ना ३ः१७ रूपान्तरित)।

सधैँ परमेश्वरको नियत हामीलाई उद्धार गर्ने हो, तर न्यायको फैसला सुनाएर दुःख दिनु होइन भन्ने कुरालाई याद गर्नु अत्यन्त जरुरी छ। हाम्रो जीवनमा पापले गर्दा त्यस महत्त्वपूर्ण सत्यलाई कसरी सजिलैसँग बिर्साइ दिन्छ? अर्थात्, कसरी पापले गर्दा हामी परमेश्वरबाट पिठ्युँ फर्काउँछौं?

## ५. अदनको बगैँचामा परमेश्वरको अनुग्रह र न्यायको फैसलाः भाग २ (प्रकाश १४ः६,७)

रूपान्तरित गरिएको भाषामा उत्पत्ति १ र २लाई परमेश्वरले यसरी सम्बोधन गर्नुहुन्छ "आकाशको महान् शुन्य ठाउँबाट ज्योतिहरू निस्किउन्।.......जमिनबाट विभिन्न जीवजन्तुहरू उत्पादन गरून्.......मानिस एक्लै बस्नु ठिक छैन" (उत्पत्ति १ः१४, १ः२४ र २ः१८)। त्यसबेला परमेश्वरले सम्बोधन गर्नुभएको सबै कुराहरू सृष्टिसँग सम्बधित थिए। त्यहि सृष्टिको सिलसिलामा मानव जातको सृष्टिपनि गाँसिएको थियो।

सृष्टिको घोषणापछि परमेश्वरले अर्को घोषणा के गर्नुभएको थियो भनेर यो भन्दा अघिल्लो बुँदामा हामीले हेर्‍यौं, जुन् उत्पत्ति

३:१४,१५मा छ। परमेश्वरले मानिसहरूलाई मुक्ति अर्थात् पापबाट राहत दिने वरदान त्यस सम्बोधनमा पाइएको हामीले हेरेका थियौं। त्यसकारण बाइबलमा हामीले के पाउँछौं भन्दाः परमेश्वरको प्रथम सम्बोधनमा सृष्टिको मामिला थियो भने दोस्रो सम्बोधनमा मुक्तिको मामिला थियो। अनि त्यो मुक्तिपनि न्यायकै दायराभित्र परेको पाइन्छ। त्यो त हुनैपर्थ्यो। नत्र भने सुसमाचारको उदेश्य के हो त? "शुभ सन्देश" रे ! यदि न्याय नै छैन भने केको शुभ सन्देश? सुसमाचारको धारणाभित्रै न्यायको धारणा पनि गाभिएको छ। तर सुसमाचार ग्रहण गर्नेले त्यो न्यायको सामना गर्नुपर्नेछैन। त्यो नै हाम्रो निम्ति शुभ सन्देश हो।

हामीले परमेश्वरको विधि अर्थात् दश आज्ञालाई तोड्यौं। हाम्रो पापले गर्दा उहाँले हामीलाई न्याय गर्नुहुन्छ। तर त्यस न्यायको फैसलाबाट ल्याउने सजायँ ख्रीष्टको कारणले हामी पन्छिनेछौं।

सृष्टि, सुसमाचार र न्यायका विषय बाइबलको प्रारम्भिक अध्यायहरूमा पाइन्छ भने बाइबलकै अन्तिम पुस्तकमा पनि पाइएको छ। त्यसको अर्थ बीचको पुस्तकहरूमा छैन भन्न खोजेको होइन। बाइबलको अन्तिम पुस्तक प्रकाश १४:६,७मा यसरी लेखिएको छः " तब मैले अर्को स्वर्गदूतलाई आकाशमा उडिरहेको देखें। पृथ्वीमा बस्ने मानिसहरू, प्रत्येक राष्ट्र, जाति, भाषा अनि वंशलाई प्रचार गर्नका निम्ति त्यो स्वर्गदूतसित अनन्त सुसमाचार थियो! 7 त्यो स्वर्गदूतले ठूलो आवाजमा भन्यो, "परमेश्वरको भय राख अनि उहाँको स्तुति गर। सबै मानिसहरूको न्याय गर्ने परमेश्वरको समय आएको छ। परमेश्वरको जसले स्वर्ग, पृथ्वी, समुद्र अनि जल श्रोत सृष्टि गर्नुभयो उहाँको उपासना गर।" (रूपान्तरित)। उत्पत्तिको प्रथम् तिन अध्यायसँग उपरोक्त पदहरू कसरी मिल्दोजुल्दो छ? दुबै अँशमा के समानताहरू पाइएका छन्?

परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रकाश १४:६,७मा सम्बोधन गरिएको हामीले हेऱ्यौं। धर्मशास्त्र बाइबलको सुरूको अध्याय नै त्यस अवधारणाबाट खोलिएको थियो। अनि प्रकाश १४मा अनन्तको सुसमाचार पहिला घोषणा गरिएको थियो भने न्यायको समाचार त्यसपछि। त्यसको अर्थ न्याय पनि त्यहाँ थियो तर त्यस भन्दा पहिले मुक्तिको खबर सुनाइएको थियो। त्यसको अर्थ वर्तमान-सत्य अर्थात्

मानिसलाई दिइएको अनन्तको सुसमाचारमा अनुग्रह गाँसिएको थियो भनेर देखाउँछ। त्यसकारण हाम्रो निम्ति शुभ समाचार के हो त भन्दा पापले गर्दा जुनसुकै सजायँ भोग्नु परेतापनि येशूले गर्दा हामी परमेश्वरको सामु चोखो र धर्मी भएर खडा हुन्छौं। हामीलाई दिइएको सुसमाचार विनाहाम्रो भविष्य पनि त्यहि सर्प र उसका सन्तान अर्थात् शैतानको जस्तै हुनेछ। तर त्यस स्त्री (चर्च वा येशूका उपासक) र उनको बिऊ अर्थात् सन्तानको भविष्य शैतानले भोग्नु परेको जस्तै हुँदैन। र अत्यन्त चासोको विषय त यो छ, त्यो महान् सुसमाचार अदनकै बँगैचामा घोषणा गरिएको थियो। पापमा पतित भएको यस संसारमै परमेश्वरले त्यस शुभ सन्देशको घोषणा गर्नुभएको थियो।

## उपसंहार:

<u>**थप जानकारी:**</u> “जुन खाना मानिसले खाओस् भनेर परमेश्वरले चाहनुभएको थियो त्यो खाना हाम्रा पहिलो पूर्खालाई उहाँले दिनुभएको थियो। कुनै पनि जीवजन्तुलाई मारेर खाओस् भन्ने परमेश्वरको योजना कहिलै पनि गर्नुभएको थिएन। अदनको बँगैचामा कसैको मृत्यु नहुनु थियो।......."एलेन जी ह्वाइट, काउन्सिल फर द चर्च, पृ. २२८बाट रूपान्तरित।

“परमेश्वरको प्रेमको आज्ञालाई स्वार्थी आज्ञा भनेर शैतानले भ्रम फैलाएको थियो। परमेश्वरको आज्ञा पालन गर्न असम्भव छ भनेर उसले घोषणा गरेको थियो। आदम र हव्बाको पतन हुन परमेश्वरनै दोषी हुनुहुन्छ भनेर शैतानले आरोप लगाएको थियो। यस धारणाले सृष्टिकर्ता परमेश्वर पाप, दुःख र मृत्युको स्रोत हुनुहुन्छ भनेर देखाउँछ। त्यो आरोप सरासर झुठो हो भनेर येशूले उदाङ्ग पार्नुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ.२४बाट रूपान्तरित।

“मानिसले दुष्ट वा खराबलाई चुनेपनि त्यसको नतिजामा नपरोस् भनेर परमेश्वरले उसलाई छोड्नुभएन। शैतानलाई दिएको श्रापमा हाम्रो निम्ति मुक्तिको नमूना देखाइएको थियो (उत्पत्ति ३:१५).....हाम्रा प्रथम् पूर्खाहरू, आदम र हव्बाले, त्यो समाचार सुने र तिनीहरूको निम्ति त्यो प्रतिज्ञा थियो। काडाँ सिउँडी उम्रनु भन्दा अघि, पसिना बगाएर खानु भन्दा अघि र प्रसव वेदना खेप्नु अघि नै तिनीहरूले त्यस्ता आशाका वाणी सुनेका थिए जुन् निश्चित थिए। शैतानको कुरा सुनेर गुमाउनु

परेको सबै अधिकार ख्रीष्टद्वारा पुनःप्राप्त गर्न सक्थ्ये।"- एलेन जी ह्वाइट, एडुकेशन, पृ. २७बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** हामीले कुन खालका निति नियमहरू वा संस्कारहरू बनाउँछौं जुन ख्रीष्टले निको मान्नु हुन्न? फेरि त्यसै समयमा हामी कस्तो उचित निर्णय गर्न सक्छौं जसले गर्दा बाइबलले देखाएका सत्य नियमहरूलाई आत्मसात् गर्न सक्छौं?

**आ.** परमेश्वरको निर्देशनको सट्टा हव्वाले आफ्ना भावनाहरूमाथि भरोसा राखिन्। हामी पनि परमेश्वरले कोर्नुभएको नितिलाई पन्छाएर आफ्नो मनमा लागेको कुरामा हिँड्न किन सजिलो भएको भेट्टाउँछौं?

**इ.** **सृष्टि**को कथा र विकासवाद सिद्धान्तको बीचमा के निर्णायक भिन्नता छ सो सोच्नुहोस्। बाइबलको स्पष्ट अर्थलाई नाश नगरि ती दुई विपरित सिद्धान्तको बिचमा किन सम्झौता हुन सक्दैन? मानिसको पतनको बारेमा बुझ्न वा पापको बारेमा ठिक कुरा थाहा पाउन सृष्टिको ठिक सिद्धान्तलाई विश्वास गर्नु किन जरुरी छ?

**ई.** कतिले भन्छन् शैतानको बारेमा सोच्नु मूर्खता हो। शैतानको चलखेल केवल काल्पनिक वा मनगढन्तेमात्र हुन् भनेर भनेर तिनीहरूले खिसी उडाउँछन्। फेरि त्यसैबेला कतिपय मानिसहरू तन्त्रमन्त्र, दुष्ट आत्मा आदिको बढि चासो लिएर त्यतातिर मानिस ढकेलिएको पनि हामी पाउँछौं। तपाईंका वरिपरि भएको मानिसहरूको बारेमा तपाईं के भन्नुहुन्छ? शैतान वा दुष्ट आत्माको शक्तिको बारेमा तपाईंको छिमेकीले के भन्छ? शैतान र उसका आत्माहरू छन् र छैन केवल काल्पनिक मात्र हुन् भनेर दुई धारमा लाग्ने मानिसहरूको बीचमा तपाईं कसरी उचित सन्तुलन गरि चल्न सिक्नुहुन्छ?